काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २६ ❐ अंक : ४ ❐ सोमवार, ५ असोज, २०८३ ❐ Monday, 21 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

बड्डीचौर–खम्बागाडे सडक:

तीन दशकदेखि स्तरोन्नतिको प्रतिक्षा

❐ **चाँदनी कठायत**
सुर्खेत, ४ असोज

चौकुने गाउँपालिकाका ६९ वर्षीय छिताराम परियारले बड्डीचौर-खम्बागाडे सडक बन्ने आशामा जीवनका धेरै वर्ष बिताए। उनले तीन दशकदेखि नै गाउँमा सडकको ट्याक खुलेको, सवारी गुडेको र स्तरोन्नतिको काम पनि सुरु भएको देखे तर पक्की सडकमा सहजै यात्रा गर्ने उनको धोको पुरा भएन। अहिले सडकको अवस्था हेर्दासडक बन्ला भन्ने आशा नै हराउँदै गएको बताउँछन्। ‘यो बाटो बन्ला भनेर धेरै वर्ष कुरियो,’ उनले भने, ‘उमेर पनि ढल्किसक्यो। तीन दशकसम्म बाटो बनेन, अब बन्छ भन्ने आशै मरिसक्यो।’

उनका लागि मात्रै होइन, पश्चिम सुर्खेतका हजारौं नागरिकका लागि बड्डीचौर-खम्बागाडे सडक लामो समयदेखि सुविधाभन्दा बढी सास्तीको माध्यम बनेको छ। मदन भण्डारी राजमार्गअन्तर्गतको १३ दशमलव ९ किलोमिटर सडक निर्माणको कामले अपेक्षित गति नलिँदा स्थानीयले वर्षायाममा हिलो, खाल्डाखुल्डी र जोखिमपूर्ण यात्रा गर्नुपरेको छ। सडक निर्माणको काम अहिले ५० प्रतिशत भौतिक र ४० प्रतिशत वित्तीय प्रगतिमा सीमित छ।

बड्डीचौर-खम्बागाडे सडकको ट्याक २०४९ सालमै खुलेको थियो। २०५१ सालदेखि यस सडकमा सवारी साधन सञ्चालन हुन थालेका थिए। ट्याक खुलेपछि सडकले पश्चिम सुर्खेतका बस्तीलाई वीरेन्द्रनगरसँग जोड्न थाले पनि वर्षौंसम्म यसको अवस्था कच्ची नै रह्यो। सडक स्तरोन्नति हुने र कालोपत्र हुने अपेक्षा स्थानीयले लामो समयदेखि गर्दै आएका थिए।



मदन भण्डारी राजमार्गअन्तर्गत यो खण्डलाई स्तरोन्नति गर्ने प्रक्रिया अघि बढेपछि २०७९ असारमा अनुक-जयदेव जेभी, बाँकेसँग ठेक्का सम्झौता भयो। सम्झौतापछि २०७९ साउनबाट निर्माणको काम सुरु भएको हो। ४२ करोड ४७ लाख ६१ हजार रुपैयाँ लागतमा निर्माण भइरहेको सडक २०८१ असार २४ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। तर निर्धारित समयभित्र काम पूरा हुन सकेन।

निर्माण सुरु भए पनि सडकको कामले निरन्तरता पाउन सकेन। सडक निर्माणका लागि आवश्यक जग्गा अधिग्रहण, रुख कटानलगायतका सरकारी प्रक्रियामा ढिलाइ हुँदा निर्माण प्रभावित भएको पूर्वाधार विकास निर्देशनालयले जनाएको छ। ती प्रक्रियाहरु २०८२ साउनतिर मात्रै पूरा भएका थिए। सरकारी प्रक्रिया टुंगिन ढिला हुँदा निर्माण कम्पनीले काम अघि बढाउन नसकेको र त्यसको असर समग्र निर्माण तालिकामा परेको हो।

ठेक्का सम्झौता अनुक-जयदेव जेभीसँग भए पनि जयदेव जेभीले सहायक ठेकेदारका रुपमा काम सम्हालेको थियो। पछि जयदेवबाट कामले अपेक्षित गति लिन नसकेपछि मुख्य ठेकेदार अनुक कन्स्ट्रक्सनले नै निर्माणको सम्पूर्ण जिम्मेवारी लिएर काम अघि बढाएको हो। अघिल्लो वर्ष तिहारपछि केही समय काम भए पनि त्यसपछि निर्माणमा निरन्तरता देखिएन। ठेकेदार कम्पनीका प्रतिनिधि शंकर रावतले यसअघि मनसुन सुरु हुनुअघि अधिकांश काम सम्पन्न गर्ने बताएका थिए। उनले निर्माणमा जनशक्ति अभाव र नदीजन्य सामग्रीको समस्याले काम प्रभावित भएको बताएका थिए। मनसुनमा यात्रुलाई आवतजावतमा सहज हुने गरी काम गर्ने प्रतिबद्धता जनाएका उनले सडक निर्माण २०८४ असारसम्म पूरा गर्ने बताएका छन्।

तर निर्माण कम्पनीको प्रतिबद्धताअनुसार कामको गति बढ्न सकेको छैन। अहिले पनि सडक निर्माणको काम भइरहेको भए पनि अपेक्षित प्रगति हुन नसकेको पूर्वाधार विकास निर्देशनालय सुर्खेतका सूचना अधिकारी इन्जिनियर वीरेन्द्रजंग शाही बताउँछन्। उनका अनुसार ठेकेदार कम्पनीले तीन समूह बनाएर मनसुनकै समयमा पनि काम गरिरहेको छ। तर निर्माणको समग्र गति अझै सन्तोषजनक छैन। ‘अहिले काम भइरहेको छ। तर अझै तीव्र गतिमा काम हुन सकेको छैन। हामीले ठेकेदार कम्पनीलाई ताकेता गरिरहेका छौं,’ उनले भने, ‘ठेकेदारले तीन समूह बनाएर काम गरिरहेको छ। मनसुनमा पनि काम रोकिएको छैन। तर जुन गतिमा काम हुनुपर्ने हो, त्यो गतिमा काम भएको छैन।’ सडक निर्माणमा वनसम्बन्धी काम, निर्माण सामग्रीको मूल्य बढ्नु, बिटुमिनको अभाव र नदीजन्य सामग्रीको समस्या पनि देखिएको इन्जिनियर शाहीको भनाइ छ। उनका अनुसार वनसम्बन्धी काम सकिएको जानकारी सहितको पत्र पनि असार २३ गते प्राप्त भएको हो।

निर्माणमा ढिलाइ भएपछि ठेक्काको म्यादसमेत थपिएको छ। निर्देशनालयले पहिलोपटक २०८३ असारसम्म म्याद थपेको थियो। उक्त अवधिमा पनि काम अपेक्षित रूपमा अघि नबढेपछि असारपछि दुई महिना मात्रै म्याद थप गरिएको थियो। त्यसपछि ठेकेदार कम्पनीले काम गरिरहेको भन्दै थप म्यादका लागि फाइल मन्त्रालय पठाइएको छ। निर्देशनालयले २०८४ जेठ २४ सम्म म्याद थपका लागि फाइल पठाएको भए पनि त्यसको स्वीकृति भने अझै आइसकेको छैन। सडक निर्माणको ढिलाइले स्थानीयको दैनिक जीवनमा प्रत्यक्ष असर परेको छ। पश्चिम सुर्खेतका बराहताल, पञ्चपुरी र चौकुने गाउँपालिकाका नागरिकका लागि यो सडक मुख्य आवतजावतको मार्ग हो। यही सडक हुँदै उनीहरू प्रदेश राजधानी वीरेन्द्रनगर पुग्छन्। बिरामीलाई अस्पताल लैजानुपर्ने अवस्था होस् वा विद्यार्थी, कर्मचारी, व्यवसायी र सर्वसाधारणको दैनिक यात्रा, सडकको अवस्थाले सबैलाई प्रभावित बनाएको छ।

चौकुने गाउँपालिका-१ का स्थानीय युवा जीवन तिरुवा सडकको अवस्थाले नागरिकलाई वर्षौंदेखि दुःख दिइरहेको बताउँछन्। उनका अनुसार सडक निर्माण सुरु भएपछि स्थानीयले यसपटक भने धेरै काम पूरा हुने अपेक्षा बाँकी पृष्ठ ४

रास्वपाले ‘राइट टु रिकल’को अवधारणालाई अघि बढाउने

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ४, असोज

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जनप्रतिनिधिलाई मतदाताप्रति थप जवाफदेही र उत्तरदायी बनाउने संयन्त्रका रूपमा ‘राइट टु रिकल’को अवधारणालाई अघि बढाउने भएको छ।

‘राइट टु रिकल’ सम्बन्धी दस्तावेज निर्माण समितिको पहिलो बैठकले यससम्बन्धी बहसलाई थप विस्तार गर्ने र दस्तावेज निर्माण गर्ने निर्णय गरेको हो।

समितिका संयोजक तथा पार्टीका महामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा पार्टीको केन्द्रीय कार्यालयमा बसेको बैठकले ‘राइट टु रिकल’लाई पार्टीले प्राथमिकताका साथ उठाइरहेको मुद्दाका रूपमा अघि बढाउने विषयमा छलफल गरेको थियो।

रास्वपाका अनुसार बैठकमा आम मतदाताबाट निर्वाचित जनप्रतिनिधिलाई मतदाताप्रति थप जवाफदेही र उत्तरदायी बनाउने तथा लोकतान्त्रिक निर्वाचन प्रणालीप्रति मतदाताको विश्वास अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो। बैठकले समितिको सचिवमा मनिष खनाललाई जिम्मेवारी दिने निर्णय गरेको छ। त्यस्तै, समितिअन्तर्गत चार विषयगत उपसमिति गठन गर्ने निर्णय भएको छ। संवैधानिक तथा सम्बन्धित कानुनी प्रावधान अध्ययन समितिमा सुलभ खरेल र गजला शमिम मिकरानी, अन्तर्राष्ट्रिय प्रचलित अभ्यास अध्ययन समितिमा अनुष्का श्रेष्ठ, सरोकारवालासँगको छलफल समन्वय समितिमा समीक्षा बास्कोटा र करिस्मा कठरिया तथा सञ्चार तथा मिडिया समन्वय समितिमा प्रमोद न्यौपानेलाई जिम्मेवारी दिइएको छ।

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

राजमार्ग विस्तार र सुधार गर्न ४७ अर्ब दिँदै एडीबी

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ४ असोज

एसियाली विकास बैंक (एडीबी)ले नेपालको तीनवटा राजमार्गको विस्तार र सुधारका लागि करिब ४७ अर्ब रुपैयाँ उपलब्ध गराउने भएको छ।

दुईवटाको विस्तार र अर्को एक राजमार्गको सडक सुरक्षाका लागि साढे ३० करोड अमेरिकी डलर (करिब ४६ अर्ब ७० करोड रुपैयाँ) उपलब्ध गराउने भएको हो।

उक्त रकममध्ये २८ करोड ५० लाख अमेरिकी डलर ऋण हुनेछ भने बाँकी २ करोड अमेरिकी डलर अनुदानस्वरुप प्राप्त हुने सडक विभागले जनाएको छ। एडीबीले पूर्व-पश्चिम राजमार्गअन्तर्गतको नारायणघाट-हेटौंडा सडक खण्ड र पृथ्वी राजमार्गको मुग्लिङ-आँबुखैरेनी सडक खण्ड विस्तार तथा कर्णाली राजमार्गको सडक सुधारको लागि उक्त रकम दिन लागेको हो।

जसमा २४ करोड ५० लाख डलर नारायणघाट-हेटौंडा सडक खण्ड र ३ करोड डलर मुग्लिङ-आँबुखैरेनी सडक खण्ड विस्तारमा खर्च गरिनेछ भने बाँकी १ करोड डलर कर्णाली राजमार्ग सुधारका लागि उपयोग हुनेछ। ऋण र अनुदान रकमको सम्बन्धमा नेपाल सरकार र एडीबीबीच वार्ता भइसकेको बाँकी पृष्ठ २

बंगालको खाडीबाट आउँदैछ ठूलो वर्षाको खतरा

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ४ असोज

भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीको घाउ अझै पुरिएको छैन। रसुवा, नुवाकोट हुँदै त्रिशूली करिडोरसम्म उद्धार, राहत र पुनःस्थापनाको काम जारी छ। कतिपय ठाउँमा सडक, पुल, जलविद्युत् आयोजना र बस्ती पुरानै अवस्थामा फर्किन सकेका छैनन्।

यही बेला आकाशमा अर्को मौसमी प्रणाली विकसित हुँदैछ।

बंगालको खाडीको उत्तर अण्डमान सागर क्षेत्रमा बनेको न्यूनचापीय प्रणाली पश्चिम-उत्तरपश्चिमतर्फ अघि बढिरहेको छ। भारतीय मौसम विभागका पछिल्ला



प्रक्षेपणअनुसार यो प्रणाली सेप्टेम्बर २१ सम्म न्यूनचापीय क्षेत्रबाट डिप्रेसन र सेप्टेम्बर २२ सम्म गहिरो डिप्रेसनमा विकसित हुन सक्ने तथा सेप्टेम्बर २३ आसपास दक्षिण ओडिशा-उत्तर आन्ध्र प्रदेशको तटीय क्षेत्रमा पुग्न सक्ने देखिएको छ।

नेपालमा यसको प्रत्यक्ष प्रभाव कति पर्छ भन्ने अझै निश्चित छैन। तर विभिन्न मौसम पूर्वानुमान मोडलले असोज ८ देखि १२ गतेसम्म नेपालमा वर्षाको गतिविधि उल्लेख्य बढ्न सक्ने संकेत दिएका छन्। केही मोडलमा केही स्थानमा ४०० मिलिमिटरभन्दा बढी र अधिकतम करिब ७४१ मिलिमिटरसम्म वर्षाको संकेत देखिएको मौसमविद् डा. विनोद पोखरेलले बताएका छन्।

यसको अर्थ नेपालका सबै ठाउँमा बाँकी पृष्ठ २

सम्पादकीय

द्वन्द्व घटाउने दायित्व राज्यकै हो

वन्यजन्तु जंगलमा मात्र बस्दैनन् । जंगलसँग जोडिएको मानव बस्ती, खेतीपाती र पशुपालनसँग पनि उनीहरूको सम्बन्ध हुन्छ । त्यसैले वन्यजन्तु संरक्षणको चर्चा गर्दा मानिसको सुरक्षा र जीविकाको प्रश्नलाई अलग राख्न सकिँदैन । कर्णालीमा बढिरहेको मानव-वन्यजन्तु द्वन्द्वले राज्यको संरक्षण नीतिमाथि यही प्रश्न तेर्स्याएको छ । कर्णालीमा वन्यजन्तुका कारण मानिस घाइते हुने, ज्यान जाने, पशुधनमा क्षति पुग्ने र खेतीबाली नष्ट हुने घटना भइरहेका छन् । सल्यान र दैलेखमा यसको प्रभाव बढी देखिएको छ । एकातिर वन्यजन्तु संरक्षणमा उपलब्धि हासिल भइरहेको छ, अर्कातिर तिनै वन्यजन्तुका कारण स्थानीय बासिन्दा समस्यामा छन् । संरक्षणको यो विरोधाभासलाई राज्यले गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ ।

वन्यजन्तुको संख्या बढ्नु वा बासस्थान विस्तार हुनु जैविक विविधताका लागि सकारात्मक हुन सक्छ । समस्या त्यतिबेला सुरू हुन्छ, जब वन्यजन्तुको बासस्थान र मानव बस्तीबीचको सम्बन्ध व्यवस्थित हुन सक्दैन । मानिसले आफ्नो खेत र पशुधन सुरक्षित राख्न पाउनुपर्छ भने वन्यजन्तुले पनि सुरक्षित बासस्थान पाउनुपर्छ । यी दुवै आवश्यकतालाई सँगसँगै हेर्नु संरक्षण नीतिको जिम्मेवारी हो । अहिले घटना भएपछि राहत र क्षतिपूर्ति दिने अभ्यासमा राज्यको ध्यान बढी केन्द्रित देखिन्छ । क्षति व्यहोरेका परिवारलाई क्षतिपूर्ति दिनु आवश्यक छ । तर क्षतिपूर्ति क्षति रोक्ने उपाय होइन । एउटै क्षेत्रमा पटक-पटक द्वन्द्व भइरहेको छ भने जोखिम घटाउने स्थायी उपाय किन बन्न सकेनन् भन्ने प्रश्न पनि उठ्नुपर्छ ।

अब ध्यान पूर्वरोकथाममा जानुपर्छ । कुन क्षेत्रमा कुन वन्यजन्तुको जोखिम बढी छ, कुन बस्ती प्रभावित छन् र कुन समयमा घटना दोहोरिन्छन् भन्ने तथ्यांक नियमित रूपमा अद्यावधिक हुनुपर्छ । जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना, निगरानी, जनचेतना र आवश्यक सुरक्षा उपाय लागू गर्नुपर्छ । मानव-वन्यजन्तु द्वन्द्व वन कार्यालयको मात्रै जिम्मेवारी होइन । बस्ती विस्तार, सडक निर्माण, कृषि, पर्यटन र वन संरक्षण सबै यससँग जोडिएका छन् । त्यसैले स्थानीय तहदेखि प्रदेश र संघीय सरकारसम्म समन्वय आवश्यक छ । जंगलसँग प्रत्यक्ष जोडिएका समुदायलाई संरक्षणको साझेदार बनाउनु पनि उत्तिकै महत्वपूर्ण छ । वन्यजन्तु र जैविक विविधता पर्यटनका आधार बन्न सक्छन् । तर संरक्षणबाट हुने लाभ राज्य वा व्यवसायसम्म पुग्ने र क्षतिको भार स्थानीय समुदायले मात्र बोक्ने अवस्था रह्यो भने संरक्षणप्रति अपनत्व कमजोर हुन्छ । त्यसैले संरक्षणबाट स्थानीय समुदायले पनि रोजगारी र आयआर्जनको लाभ पाउने व्यवस्था गर्नुपर्छ ।

कर्णालीमा वन्यजन्तु संरक्षणलाई कमजोर बनाउने होइन, अझ प्रभावकारी बनाउने आवश्यकता छ । तर संरक्षणको अर्थ मानिसलाई जोखिममा पारेर वन्यजन्तु जोगाउनु होइन । वन्यजन्तुलाई जंगलमा सुरक्षित राख्नु र जंगलको छेउमा बस्ने नागरिकलाई पनि सुरक्षित बनाउनु राज्यको समान जिम्मेवारी हो । मानव-वन्यजन्तु द्वन्द्व प्रकृतिको समस्या मात्र होइन, व्यवस्थापनको पनि समस्या हो । त्यसैले यसको समाधानका लागि वन्यजन्तुलाई दोष दिने वा संरक्षणलाई कमजोर बनाउने होइन, जोखिम पहिचान, रोकथाम र समुदायको सहभागितामा आधारित नीति आवश्यक छ । मानिस र वन्यजन्तु दुवै सुरक्षित हुने अवस्था नै दिगो संरक्षणको आधार हो ।

कर्णाली प्रदेश सभाको नीतिनिर्माणमा नागरिक सहभागिताको सवाल : एक बहस



✍ उपेन्द्र विश्वकर्मा

संघीय लोकतन्त्र भनेको सिंहदरबारको अधिकार प्रदेशमा र प्रदेशको अधिकार स्थानीय तहमा बाँड्नु मात्र होइन । यसको वास्तविक अर्थ राज्य सञ्चालनको प्रक्रियामा नागरिकलाई नजिक ल्याउनु हो । नागरिकले आफ्ना कुरा भन्न पाउने, प्रश्न गर्न पाउने र आफूले उठाएका सवाल नीति तथा निर्णयमा परेको देख्न पाउने अवस्था भयो भने मात्र लोकतन्त्रले अर्थ राख्छ । त्यसैले प्रदेश र स्थानीय तह बनेपछि एउटा स्वाभाविक प्रश्न उठ्छ–नागरिकको आवाज निर्णय प्रक्रियामा कति पुगेको छ? विशेषगरी प्रदेश सभाले बनाउने नीति, कानुन र बजेटमा नागरिकको सहभागिता कति छ? कर्णालीको सन्दर्भमा यो प्रश्न झन् महत्वपूर्ण देखिन्छ ।

नेपालको संविधानले प्रदेशलाई महत्वपूर्ण अधिकार दिएको छ । प्रदेश सभा कानुन बनाउने, सरकारको काममाथि निगरानी गर्ने, जनताका सवाल उठाउने र प्रदेशको नीति तथा कार्यक्रम तथा बजेटमाथि छलफल गर्ने प्रमुख संस्था हो । तर प्रदेश सभा जनताबाट निर्वाचित हुँदैमा मात्र त्यो पर्याप्त लोकतान्त्रिक संस्था बन्दैन । उसले जनताको आवाज कति सुन्छ र त्यसलाई आफ्नो निर्णयमा कति ठाउँ दिन्छ भन्ने कुरा अझ महत्वपूर्ण हुन्छ । चुनाव जितेर प्रतिनिधि बनेपछि पाँच वर्षसम्म नागरिकसँग कुनै अर्थपूर्ण संवाद नगर्ने हो भने निर्वाचन आफैं नागरिक सहभागिताको पर्याप्त आधार हुन सक्दैन ।

कर्णालीको अवस्था हेर्दा नागरिक सहभागिताको प्रश्न सामान्य प्रदेशको भन्दा केही फरक छ। भौगोलिक विकटता यहाँको पुरानै समस्या हो । हिमाली र पहाडी जिल्लाका धेरै बस्तीबाट प्रदेश राजधानी वीरेन्द्रनगर पुग्न समय, पैसा र श्रम सबै लाग्छ । कतिपय ठाउँका नागरिकका लागि प्रदेश सभा, संसदीय समिति वा सार्वजनिक सुनुवाइजस्ता कुरा सुन्नमा सजिला भए पनि व्यवहारमा त्यहाँ पुग्नु नै कठिन काम हो । त्यसैले कर्णालीमा नागरिक सहभागिता बढाउने कुरा गर्दा राजधानीमा कार्यक्रम आयोजना गरेर नागरिकलाई बोलाउनु मात्र पर्याप्त हुँदैन । राज्य र प्रदेश सभाका प्रतिनिधि नै नागरिकको नजिक पुग्नुपर्ने हुन्छ ।

अर्को कुरा के हो भने सहभागिता भनेको कार्यक्रममा उपस्थिति जनाउनु मात्र होइन । नागरिकले बोल्ने अवसर पाउनु, आफ्नो समस्या राख्न पाउनु र त्यो समस्या निर्णय प्रक्रियामा कसरी समेटियो भन्ने जानकारी पाउनु पनि सहभागिताकै हिस्सा हो । कसैलाई बोलाएर दुई मिनेट कुरा गर्न दिने, सुझाव टिपोट गर्ने र त्यसपछि पुरानै निर्णय गर्ने हो भने त्यस्तो सहभागिताको खास अर्थ रहँदैन । सहभागिता अर्थपूर्ण हुनुपर्छ । नागरिकले दिएको सुझावको प्रभाव नीतिमा देखिनुपर्छ ।

हामीकहाँ निर्वाचनलाई नै लोकतन्त्रको मुख्य आधार मान्ने प्रवृत्ति अझै बलियो छ । पाँच वर्षमा एकपटक मतदान गरेपछि नागरिकको भूमिका सकियो भन्ने जस्तो देखिन्छ । तर लोकतन्त्र त्यति मात्र होइन । निर्वाचनपछि पनि नागरिकले आफ्ना प्रतिनिधिलाई प्रश्न गर्न पाउनुपर्छ । प्रदेश सरकारले के गर्दैछ? कुन कानुन ल्याउँदैछ? बजेट कहाँ खर्च हुँदैछ? कुन क्षेत्रमा प्राथमिकता दिइँदैछ? यस्ता विषयमा नागरिकले जानकारी पाउने र आफ्नो धारणा राख्ने अवसर पाउनुपर्छ । प्रदेश सभा र नागरिकबीच निरन्तर संवादको संस्कृति विकास नभएसम्म संघीय लोकतन्त्र संस्थागत भएको मान्न गाह्रो हुन्छ ।

कर्णालीको सन्दर्भमा नागरिक सहभागितासँग सामाजिक समावेशिताको प्रश्न पनि जोडिन्छ । महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, युवा, आर्थिक रूपमा कमजोर समुदाय र दुर्गम क्षेत्रमा बस्ने नागरिकको आवाज नीति निर्माणमा कति सुनिएको छ? यो प्रश्नलाई बेवास्ता गर्न मिल्दैन । प्रदेश सभामा कुनै समुदायको प्रतिनिधित्व हुनु राम्रो कुरा हो, तर प्रतिनिधित्व हुँदैमा त्यस समुदायका सबै समस्या स्वतः नीतिमा पुग्छन् भन्ने हुँदैन । त्यसका लागि समुदायसँग निरन्तर संवाद चाहिन्छ ।

विशेषगरी दलित समुदायका सवाल कर्णालीको नीतिनिर्माणमा गम्भीरतापूर्वक उठ्न जरुरी छ । भूमिहीनता, जातीय विभेद, शिक्षा, रोजगारी, सार्वजनिक सेवामा पहुँच र सामाजिक सम्मानका समस्या अझै पनि धेरै ठाउँमा छन् । यी समस्या कागजमा लेखेर मात्र समाधान हुँदैनन् । समस्या भोगिरहेका मानिससँग बसेर उनीहरूको अनुभव सुन्नुपर्छ । प्रदेश सभाका समिति, सम्बन्धित मन्त्रालय र स्थानीय तहले दलित समुदाय, महिला समूह, नागरिक समाज र अधिकारकर्मीहरूसँग नियमित संवाद गर्ने व्यवस्था बनाउन सक्छन् । नीति बनाउने ठाउँमा समस्या भोग्ने मानिसको आवाज पुग्यो भने नीति पनि बढी व्यवहारिक हुन्छ ।

यसमा प्रदेश सभाका संसदीय समितिको भूमिका निकै महत्वपूर्ण हुन सक्छ । कुनै विधेयक प्रदेश सभामा प्रस्तुत भयो । त्यसपछि त्यसलाई पारित गर्नुअघि विषयसँग सम्बन्धित विज्ञ, नागरिक समाज, स्थानीय तह, पेशागत संगठन र प्रभावित समुदायसँग छलफल गर्न सकिन्छ । यस्तो अभ्यासले विधेयकका कमजोरी समयमै देखाउन मद्दत गर्छ । तर छलफलको नाममा औपचारिकता मात्र पूरा गर्ने प्रवृत्ति भने हटाउनुपर्छ । नागरिकले दिएका सुझावमध्ये के समेटियो र के समेटिएन भन्ने कुरा पनि सार्वजनिक हुनुपर्छ । सुझाव अस्वीकार गरिएको हो भने त्यसको कारणसमेत स्पष्ट गरिनुपर्छ ।

नागरिक सहभागिताको अर्को महत्वपूर्ण आधार पारदर्शिता हो । प्रदेश सभाले कुन विधेयकमाथि छलफल गर्दैछ, समितिमा के कुरा भयो, बजेटका प्राथमिकता के हुन् र महत्वपूर्ण निर्णय कसरी भए भन्ने जानकारी नागरिकले सजिलै पाउनुपर्छ । अहिले डिजिटल प्रविधिले यो काम पहिलेभन्दा धेरै सजिलो बनाएको छ । प्रदेश सभाले आफ्नै डिजिटल पोर्टललाई प्रभावकारी बनाएर विधेयक सार्वजनिक गर्न सक्छ, नागरिकबाट सुझाव लिन सक्छ र संसदीय गतिविधिको जानकारी नियमित रूपमा दिन सक्छ ।

तर डिजिटल माध्यमलाई मात्र समाधान ठान्नु हुँदैन । कर्णालीका सबै नागरिकसँग इन्टरनेट, स्मार्टफोन वा डिजिटल साक्षरता समान छैन । त्यसैले अनलाइन सहभागितासँगै प्रत्यक्ष संवाद पनि आवश्यक छ । गाउँमा पुगेर सार्वजनिक सुनुवाइ गर्ने, विभिन्न जिल्लामा संसदीय समितिका बैठक वा सरोकारवाला छलफल आयोजना गर्ने र स्थानीय समुदायसँग प्रत्यक्ष संवाद गर्ने अभ्यासलाई नियमित बनाउन सकिन्छ ।

यसै सन्दर्भमा 'जनतासँग प्रदेश सभा' जस्तो अभ्यास उपयोगी हुन सक्छ । प्रदेश सभाका समिति र सदस्यहरू वर्षमा केही पटक विभिन्न जिल्लामा पुग्न सक्छन् । स्थानीय नागरिक, किसान, शिक्षक, महिला, युवा, दलित समुदाय, व्यवसायी, नागरिक समाज र स्थानीय तहका प्रतिनिधिसँग बसेर उनीहरूको समस्या सुन्न सकिन्छ । यस्तो अभ्यासले प्रदेश सभालाई राजधानीकेन्द्रित संस्थाबाट बाहिर निकालेर नागरिकको बीचमा पुऱ्याउन सक्छ ।

तर नागरिक सहभागिताको सम्पूर्ण जिम्मेवारी प्रदेश सभा वा सरकारको मात्र होइन । नागरिक समाज, सञ्चारमाध्यम, विश्वविद्यालय, अनुसन्धान संस्था, पेशागत संगठन र स्वयं नागरिकको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ । नागरिकले आफ्नो अधिकार र जिम्मेवारीबारे जानकारी राख्नुपर्छ । विश्वविद्यालय र अनुसन्धान संस्थाले कर्णालीका वास्तविक समस्या अध्ययन गरेर प्रमाणमा आधारित सुझाव प्रदेश सभालाई दिन सक्छन् । सञ्चारमाध्यमले पनि केवल राजनीतिक विवाद र आरोप-प्रत्यारोपमा केन्द्रित नभई विधेयक, बजेट र सार्वजनिक नीतिले नागरिकको जीवनमा पार्ने प्रभावबारे बहस चलाउन सक्छन् ।

यहाँ राजनीतिक दलको भूमिकालाई पनि छुटाउन मिल्दैन । प्रदेश सभा सदस्यहरू निर्वाचित भएपछि उनीहरू नागरिकका प्रतिनिधि हुन्छन् । तर दलभित्रको निर्णय, नेतृत्वको निर्देशन र पार्टीगत स्वार्थले उनीहरूको भूमिकालाई धेरै प्रभावित गर्ने अवस्था रह्यो भने नागरिकप्रतिको उत्तरदायित्व कमजोर हुन सक्छ । दल लोकतन्त्रका आवश्यक संस्था हुन् । तर दलको हित र नागरिकको हितबीच द्वन्द्व उत्पन्न हुँदा जनप्रतिनिधिले नागरिकको आवाजलाई प्राथमिकतामा राख्ने राजनीतिक संस्कार विकास गर्नुपर्छ । प्रदेश सभालाई प्रभावकारी बनाउन पार्टीभित्रको आन्तरिक लोकतन्त्र र प्रदेश सभा सदस्यको स्वायत्त भूमिकाबीच पनि राम्रो सम्बन्ध आवश्यक हुन्छ ।

अब प्रश्न उठ्छ–कर्णाली प्रदेश सभाले नागरिक सहभागितालाई कसरी संस्थागत गर्न सक्छ? यसको एउटा उपाय प्रत्येक महत्वपूर्ण विधेयकमा सार्वजनिक परामर्श अनिवार्य गर्नु हो । अर्को, संसदीय समितिले सम्बन्धित सरोकारवालासँग छलफल गर्ने स्पष्ट प्रक्रिया बनाउन सक्छ । नागरिकका सुझावलाई अभिलेख गर्ने र तीमध्ये कुन सुझाव स्वीकार गरियो वा गरिएन भन्ने जानकारी सार्वजनिक गर्ने व्यवस्था पनि गर्न सकिन्छ । प्रदेश सभाको वार्षिक प्रतिवेदनमा नागरिक सहभागिताको अवस्था समेटेर कति सार्वजनिक छलफल भए, कुन-कुन समुदाय सहभागी भए र प्राप्त सुझावमध्ये कति नीतिमा समेटिए भन्ने विवरण सार्वजनिक गर्न सकिन्छ ।

तर नागरिक सहभागिता भनेको सहभागीको संख्या गन्ने विषय मात्र होइन । सयौं मानिस बोलाएर उनीहरूको कुरा नसुन्नुभन्दा थोरै मानिससँग गम्भीर र अर्थपूर्ण संवाद गर्नु धेरै उपयोगी हुन्छ । मुख्य कुरा नागरिकले आफ्नो आवाजको प्रभाव महसुस गर्न पाउनुपर्छ । यदि नागरिकले पटक-पटक एउटै समस्या उठाइरहने तर नीति र बजेटमा त्यसको कुनै प्रतिबिम्ब नदेखिने हो भने सहभागिताप्रति नै निराशा पैदा हुन्छ ।

अन्ततः कर्णाली प्रदेश सभा कति लोकतान्त्रिक छ भन्ने कुरा उसले कति वटा कानुन बनायो भन्ने तथ्यले मात्र देखाउँदैन । ती कानुन बनाउँदा जनताको आवाज कति सुनियो भन्ने कुराले पनि देखाउँछ । दुर्गम गाउँका नागरिकका समस्या कति संसदसम्म पुगे? दलित, महिला, युवा र सीमान्तकृत समुदायको आवाज कति सुनियो? नागरिकले सरकारको काममाथि कति प्रश्न गर्न पाए? र उनीहरूले दिएका सुझावमध्ये कति निर्णयमा समेटिए? यी प्रश्नको उत्तर महत्वपूर्ण हुन्छ ।

संघीयताको अर्थ सिंहदरबारबाट अधिकार प्रदेश राजधानीमा सार्नु मात्र होइन । निर्णय प्रक्रियालाई पनि नागरिकको नजिक पुऱ्याउनु हो । कर्णालीका लागि यो कुरा अझ महत्वपूर्ण छ । यहाँ विकासको समस्या बजेटको अभावमा मात्र सीमित छैन । स्थानीय आवश्यकता नबुझी बनाइने नीति, नागरिकको कमजोर पहुँच र निर्णय प्रक्रियामा जनताको सीमित प्रभाव पनि समस्याका कारण हुन् ।

त्यसैले अब कर्णालीमा बहस प्रदेश सभाले के गऱ्यो भन्ने प्रश्नमा मात्र सीमित हुनु हुँदैन । अर्को प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ–प्रदेश सभाले नागरिकको आवाज कति सुन्यो? र त्यसलाई नीति, कानुन र बजेटमा कति रूपान्तरण गऱ्यो? संघीय लोकतन्त्रको वास्तविक परीक्षा यहींबाट सुरु हुन्छ । प्रदेश सभा नागरिकसँग संवाद गर्ने, उनीहरूको अनुभवलाई नीतिमा बदल्ने र सरकारलाई जनताप्रति उत्तरदायी बनाउने संस्था बन्न सके मात्र कर्णालीमा संघीयताको वास्तविक अनुभूति हुन सक्छ । नत्र प्रदेश राजधानी फेरिए पनि नागरिक र राज्यबीचको दूरी उस्तै रहन सक्छ ।

(अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन् ।)

राजमार्ग...

सडक विभाग आयोजना निर्देशनालय (एडीबी)का आयोजना निर्देशक चुडाराज ढकालले जानकारी दिए ।

अर्थ मन्त्रालय र एडीबीबीच ऋणसम्बन्धी सम्झौता आगामी नोभेम्बरमा हुने कार्यतालिका छ ।

एडीबीको सहुलियत ऋणमार्फत सञ्चालित हुने तीन परियोजनामध्ये नारायणघाट-हेटौंडा ७० किलोमिटर सडक खण्ड विस्तारका लागि ठेक्का आह्वान भइसकेको छ । हेटौंडको राप्ती पुलबाट चितवनको भरपुरको गोन्द्राडसम्मको खण्डलाई तीन प्याकेजमा विभाजन गरी ठेक्का खुलाइएको छ । जसमा पहिलो प्याकेज मकवानपुर जिल्लाभित्र पर्ने ४० किलोमिटर, मकवानुपर सीमादेखि चितवनको टिकौलीसम्मको २६ किलोमिटर दोस्रो र टिकौलीदेखि गोन्द्राडसम्मको चार किलोमिटर खण्डलाई तेस्रो प्याकेजमा राखिएको छ । एसियाली हाइवे स्ट्यान्डर्डअनुरुप चार लेनमा विस्तार हुने यस खण्डमा टिकौली जंगलमा भने २ किलोमिटर लामो भायडक्ट निर्माण हुनेछ ।

टिकौली जंगल क्षेत्र 'बरण्डाभार करिडोर' क्षेत्र भएकाले भायडक्ट बनाउन लागिएको हो । यो नेपालको एकमात्र दक्षिणतर्फको चुरे शृंखला र उत्तरतर्फको महाभारत शृंखला जोड्ने जैविक करिडोर हो । बरण्डाभार क्षेत्रले चितवन राष्ट्रिय निकुञ्जसँगै जोडिएर भारतको वाल्मीकि टाइगर रिजर्भसम्मको फैलावटलाई कायम राखेको छ ।

तीव्र गतिमा सवारी गुड्दा वन्यजन्तुले सडक काट्दा दुर्घटनाको जोखिम हुन्छ । सवारीसाधन र वन्यजन्तुबीचको टकराव रोक्न पनि यस क्षेत्रमा भायडक्ट प्रस्ताव गरिएको हो । सवारीसाधन भायडक्ट माथिबाट गुड्छन् भने वन्यजन्तु मुनिबाट सडक पार गर्छन् ।

दुई किलोमिटर लामो भायडक्टमा ६७ वटा पिल्लर बनाउने योजना छ । ३० मिटरको दूरीमा पिल्लर ठडिनेछन् । ती पिल्लरको बीचबाट विना अवरोध वन्यजन्तुले सहज रुपमा सडक पार गर्न सक्ने बताइएको छ ।

बंगालको...

७४१ मिलिमिटर पानी पर्छ भन्ने होइन । त्यो विभिन्न मोडलले देखाएको सम्भावित अधिकतम प्रक्षेपण हो । मौसम प्रणालीको दिशा, गति, शक्ति र नेपालसम्म आइपुग्दा त्यसमा हुने परिवर्तनले वर्षाको मात्रा र क्षेत्रलाई ठूलो फरक पार्न सक्छ ।

यही कारण अहिलेको अवस्था 'ठूलो विपद् निश्चित भइसकेको' अवस्था होइन, तर 'सम्भावित ठूलो वर्षाका लागि तयारी सुरु गरिहाल्नुपर्ने' अवस्था हो ।

बंगालको खाडीको प्रणालीले नेपालमा किन ठूलो पानी पार्न सक्छ ?

नेपालमा बंगालको खाडीबाट आउने मौसमी प्रणाली नयाँ कुरा होइन । मनसुनको समयमा बंगालको खाडीमा बन्ने न्यूनचापीय क्षेत्र तथा डिप्रेसनले दक्षिण एसियाको ठूलो भूभागमा जलवाष्प बोकेर ल्याउँछन् ।

यसपटकको प्रणाली पनि उत्तर अण्डमान सागरबाट पश्चिम-उत्तरपश्चिमतर्फ अघि बढिरहेको छ । भारततर्फ जाँदा यसले थप शक्ति प्राप्त गर्ने सम्भावना छ । भारतीय मौसम विभागले दक्षिण ओडिशा र उत्तर आन्ध्र प्रदेशको तटीय क्षेत्रमा सेप्टेम्बर २२ देखि २४ सम्म धेरै भारीदेखि अत्यधिक भारी वर्षाको चेतावनी दिएको छ ।

त्यसपछि प्रणालीको अवशेष र यससँग सम्बन्धित जलवाष्पयुक्त वायु उत्तर र उत्तरपूर्वतर्फ फैलिँदा भारतका पूर्वी तथा उत्तरपूर्वी भूभाग हुँदै नेपालसम्म वर्षा गराउने अवस्था बन्न सक्छ ।

दुई करोड १६ लाख रूपैयाँको स्याउ निर्यात



काँक्रेविहार संवाददाता
हुम्ला, ४ असोज

जिल्लाको दक्षिणी क्षेत्रबाट यस वर्ष दुई करोड रुपैयाँभन्दा बढी मूल्यको स्याउ जिल्ला बाहिर निकासी भएको छ।

कृषि विकास कार्यालय हुम्लाका प्रमुख चूडामणि पन्तका अनुसार हालसम्म दुई करोड १६ लाख रुपैयाँ बराबरको स्याउ विभिन्न जिल्लामा पठाइएको छ।

दक्षिणी हुम्लाका ताँजाकोट, अदानचुली, चर्‍ेली र सर्केगाड गाउँपालिकामा उत्पादन भएको स्याउ व्यापारीले किसानको बर्गैंचामै पुगेर खरिद गरिरहेका छन्।

हाल किसानबाट प्रतिकेजी करिब ६० रुपैयाँका दरले स्याउ खरिद भइरहेको छ। उत्पादन राम्रो भएकाले यस वर्ष किसानले स्याउ बिक्रीबाट उल्लेख्य आम्दानी गर्न थालेका छन्।

ताँजाकोट गाउँपालिका पाँचका किसान गोपाल बुढाका अनुसार स्याउको बर्गैंचा लगाएका केही किसानले यस वर्ष १० लाख रुपैयाँसम्म आम्दानी गरेका छन्। विगतमा सडक यातायातको पहुँच नहुँदा बर्गैंचामा उत्पादन भएको स्याउ बजारसम्म पुऱ्याउन नसक्दा ठूलो परिमाणमा कुहिने गरेको थियो।

कतिपय किसानले बिक्री गर्न नसकेको स्याउ पशुवस्तुलाई खुवाउनुपर्ने अवस्था थियो। गत वर्षदेखि सडकमार्फत हुम्लाको स्याउ जिल्ला बाहिर पठाउन थालिएपछि किसानलाई बजारको पहुँच बढेको छ। यसले स्याउ खेतीबाट हुने आम्दानी बढाउन सहयोग पुगेको किसानहरूको भनाइ छ। व्यापारीले स्थानीयस्तरमै स्याउ खरिद गर्न थालेपछि किसानलाई उत्पादन बजारसम्म लैजाने झन्झटसमेत कम भएको छ। यसैबीच, हुम्लाको माथिल्लो क्षेत्रमा भने स्याउ पाक्न अझै बाँकी छ।

खार्पुनाथ, सिमकोट र नाम्खा गाउँपालिका उच्च भेगमा पर्ने भएकाले त्यहाँको स्याउ असोज १५ गतेपछि मात्र टिप्ने तयारी गरिएको कृषि विकास कार्यालयले जनाएको छ।

माथिल्लो क्षेत्रमा स्याउ टिप्न सुरु भएपछि हुम्लाबाट बाहिरिने स्याउको परिमाण अझ बढ्ने अपेक्षा गरिएको छ। सडक पहुँच र बजार विस्तारसँगै हुम्लामा स्याउ खेती किसानको आम्दानीको महत्वपूर्ण स्रोत बन्दै गएको छ।

तीन हजार पाँच सय आवासीय घरको निःशुल्क बिमा गरिँदै



काँक्रेविहार संवाददाता
सल्यान, ४ असोज

त्रिवेणी गाउँपालिकाले पालिकाभित्र रहेका तीन हजार पाँच सय आवासीय घरको निःशुल्क बिमा गर्ने भएको छ।

बाढी, पहिरो, भूकम्प, आगलागी, चट्याङलगायत विपद्का कारण घरमा हुन सक्ने क्षतिबाट नागरिकले व्यहोर्नुपर्ने आर्थिक जोखिम कम गर्ने उद्देश्यले गाउँपालिकाले बिमा कार्यक्रम अघि बढाएको हो। बिमा कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले नेको इन्स्योरेन्स सल्यान शाखासँग सम्झौता गरेको छ।

शुक्रबार गाउँपालिका अध्यक्ष खिमबहादुर रावत, प्रमुख प्रशासकीय अधिकृत खुमबहादुर केसी, योजना शाखा प्रमुख तिलक रावल तथा नेको इन्स्योरेन्सका शाखा प्रमुख नारायण दाहालले सम्झौतामा हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार बिमा कार्यक्रम २०८४ असार मसान्तसम्म लागू हुनेछ। कार्यक्रममा गाउँपालिकाभित्रका कच्ची तथा पक्की गरी तीन हजार पाँच सय आवासीय घरधुरी समेटिने छन्।

प्रत्येक घरको बिमांक रकम भने प्राविधिक टोलीबाट गरिने विस्तृत लागत मूल्यांकनका आधारमा निर्धारण गरिने गाउँपालिकाले जनाएको छ।

गाउँपालिका अध्यक्ष रावतका अनुसार विपन्न नागरिकका घरको बिमा गाउँपालिकाले निःशुल्क गरिदिनेछ। सम्पन्न परिवारलाई भने आफ्नै घरको बिमा गर्न प्रोत्साहित गरिनेछ।

विपद्का कारण घरमा क्षति पुगेपछि विपन्न परिवारले ठूलो आर्थिक भार व्यहोर्न नपरोस् भन्ने उद्देश्यले कार्यक्रम ल्याइएको उनले बताए।

बिमा प्रक्रिया अघि बढाउन पहिलो चरणमा घरधुरीको विवरण संकलन गरिनेछ। त्यसपछि प्राविधिकबाट प्रत्येक घरको अवस्था तथा लागत मूल्यांकन गरी बिमांक रकम निर्धारण गरिनेछ।

नेको इन्स्योरेन्सका शाखा प्रमुख दाहालले गाउँपालिकासँगको समन्वयमा घरधुरी विवरण संकलनदेखि बिमा प्रक्रिया पूरा गरिने बताए।

बिमा योजनाले बाढी, पहिरो, भूक्षय, भूकम्प, चट्याङ र आगलागीलगायत विपद्बाट घरमा हुने क्षतिलाई समेट्नेछ। यसअघि सल्यानको शारदा नगरपालिकाले पनि आवासीय घरको निःशुल्क बिमा कार्यक्रम सञ्चालन गरेको थियो।

त्रिवेणी गाउँपालिकाले कार्यक्रम अघि बढाएसँगै जिल्लामा आवासीय घरको निःशुल्क बिमा गर्ने स्थानीय तहको संख्या दुई पुगेको छ।

रारामा एक वर्षमा करिब २५ हजार पर्यटक



काँक्रेविहार संवाददाता
मुगु, ४ असोज

प्रसिद्ध रारातालमा गत आर्थिक वर्षमा २४ हजार नौ सय ३१ पर्यटकले भ्रमण गरेका छन्। रारा राष्ट्रिय निकुञ्ज कार्यालय हुटुका अनुसार भ्रमण गर्नेमा २४ हजार ६ सय चार जना नेपाली, एक सय २६ जना सार्क मुलुकका र दुई सय एक जना अन्य विदेशी पर्यटक रहेका छन्। अघिल्लो आर्थिक वर्षमा २० हजार एक सय ९१ पर्यटकले रारा भ्रमण गरेका थिए। गत वर्ष पर्यटकको सङ्ख्या बढेको रारा राष्ट्रिय निकुञ्ज कार्यालयका वन संरक्षण अधिकृत विष्णुबाबु श्रेष्ठले जानकारी दिए।

पर्यटकको संख्या बढेसँगै निकुञ्जको राजस्व पनि वृद्धि भएको छ। गत आर्थिक वर्षमा प्रवेश शुल्क, डुङ्गा सञ्चालन, दण्ड-जरिबाना, काठदाउरा लगायतका विभिन्न शीर्षकबाट ८७ लाख नौ हजार तीन सय ६६ रुपैयाँ राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ।

पर्यटकबाट मात्रै ४८ लाख २७ हजार चार सय ७७ रुपैयाँ राजस्व प्राप्त भएको थियो। रारा प्रवेशका लागि नेपाली पर्यटकले प्रतिव्यक्ति एक सय रुपैयाँ शुल्क तिर्नुपर्छ।

सार्क मुलुकका पर्यटकका लागि एक हजार पाँच सय तथा अन्य विदेशी पर्यटकका लागि तीन हजार रुपैयाँ प्रवेश शुल्क तोकिएको छ।

रारामा डुङ्गा चढ्न प्रतिव्यक्ति पाँच सय रुपैयाँ शुल्क लाग्छ। चैत, वैशाख तथा असोज-कात्तिकलाई रारा भ्रमणका लागि उपयुक्त समय मानिन्छ।

अधिकांश आन्तरिक पर्यटक स्थलमार्ग हुँदै रारा पुग्ने गरेका छन्। तर, सडकको अवस्था कमजोर हुँदा वर्षायाममा हिलो र हिउँदमा धुलोका कारण यात्रा कठिन हुने पर्यटकको गुनासो छ।

पर्यटक तथा विद्यार्थीलाई राराको प्राकृतिक र जैविक विविधताबारे जानकारी दिन संग्रहालयको व्यवस्थापन गर्नुपर्ने पर्यटक सरोज भण्डारीले बताए।

१०.८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको राराताल प्राकृतिक सौन्दर्य, हिमाली जनजीवन र विविध संस्कृतिका कारण पर्यटकको आकर्षणको केन्द्र बन्दै आएको छ।

अस्थायी सुरक्षा संरचना निर्माण सुरू



काँक्रेविहार संवाददाता
जाजरकोट, ४ असोज

नलगाड नगरपालिका १० र ११ को बीचमा रहेको ताक्सुगाड खोलामा पैदल यात्रुलाई सुरक्षित रूपमा आवतजावत गराउन अस्थायी संरचना निर्माण सुरु गरिएको छ।

वर्षायाममा खोलाको बहाव बढ्दा सर्वसाधारण जोखिम मोलेर वारपार गर्न बाध्य भएपछि नगरपालिकाले ह्युम पाइपमा रेलिङ र जाली जडान गर्न थालेको हो।

नगरपालिकाका अनुसार निर्माण कार्य दुई दिनभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। अस्थायी संरचनाबाट विशेषगरी ज्येष्ठ नागरिक, बालबालिका तथा अशक्त नागरिकलाई खोला वारपार गर्न सहज हुने अपेक्षा गरिएको छ।

ताक्सुगाड खोलामा पछिल्लो समय एकपछि अर्को गर्दै दुर्घटना हुन थालेपछि सुरक्षित आवतजावतको व्यवस्था गर्न स्थानीयले माग गर्दै आएका थिए। गत सोमबार खोला तर्ने क्रममा बारेकोट गाउँपालिका-गोठगाउँका २६ वर्षीय रमेश सुनार बेपत्ता भएका थिए। उनको अवस्था हालसम्म अज्ञात छ।

यसअघि नलगाड नगरपालिका-दम्काका ४६ वर्षीय रतनबहादुर दमाईं पनि यही खोलामा बगेर बेपत्ता भएका थिए। उनीसमेत हालसम्म फेला परेका छैनन्। केही दिनअघि खोला तर्ने क्रममा एक महिलालाई समेत बगाएको थियो।

स्थानीयवासीले जोखिम मोलेर उनको उद्धार गरेका थिए। लगातारका घटनापछि ताक्सुगाड खोलामा सुरक्षित आवतजावतको व्यवस्था गर्न दबाब बढेको थियो। त्यसपछि प्रतिनिधिसभा सदस्य खड्गबहादुर बुढा, प्रदेशसभा सदस्य बेदराज सिंह, नलगाड नगरपालिकाका प्रमुख तथा प्रमुख जिल्ला अधिकारीसहितको टोलीले घटनास्थलको निरीक्षण गरेको थियो। निरीक्षणका क्रममा तत्कालका लागि अस्थायी सुरक्षा संरचना निर्माण गर्ने सहमति भएपछि अहिले काम अघि बढाइएको हो।

ह्युम पाइपमा रेलिङ र जाली जडान गरेपछि खोलाबाट आवतजावत गर्दा दुर्घटनाको जोखिम केही कम हुने अपेक्षा गरिएको छ। तर, स्थानीयवासीले अस्थायी संरचनाले मात्र समस्या दीर्घकालीन रूपमा समाधान नहुने बताएका छन्। उनीहरूले वर्षायाममा खोलाको जोखिम अन्त्य गर्न पक्की पुल वा स्थायी आवतजावत संरचना निर्माण गर्न माग गरेका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सामाजिक सुरक्षा कोषबारे सचेतना शिविर



❐ **काँक्रेविहार संवाददाता**
दैलेख, ४ असोज

नारायण नगरपालिकामा योगदानमा आधारित सामाजिक सुरक्षा कोषसम्बन्धी एकदिने सचेतना शिविर सम्पन्न भएको छ।

नगरपालिका कार्यालय परिसरमा आयोजित शिविरमा करिब दुई सय ५० जनाले सामाजिक सुरक्षा कोषका सुविधा, आबद्ध हुने प्रक्रिया र सेवाबारे जानकारी लिएका छन्।

नारायण नगरपालिकाको आयोजना तथा 'सशक्त महिला, समृद्ध नेपाल' कार्यक्रम, युरोपेली युनियन, संयुक्त राष्ट्रसङ्घ, सामाजिक सुरक्षा कोष, सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल र किर्डार्क नेपालको सहकार्यमा शिविर सञ्चालन गरिएको हो।

कार्यक्रममा नगरप्रमुख लोमन शर्माले औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिक र कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा समेट्नुपर्ने बताए।

शिक्षक, सवारीचालक, सहकारीका कर्मचारी तथा निजी र गैरसरकारी संस्थामा कार्यरत श्रमिकलाई समेत कोषमा आबद्ध गराउन आवश्यक रहेको उनको भनाइ थियो।

नगर उपप्रमुख तप्ता कुमारी खड्का थापाले निजी तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा जोड्न नगरपालिका प्रतिबद्ध रहेको बताइन्। उनले कोषबाट प्राप्त हुने सुविधाबारे श्रमिकलाई पर्याप्त जानकारी दिनुपर्नेमा जोड दिइन्।

प्रमुख प्रशासकीय अधिकृत दशरथ राम ओडले योगदानकर्ताले पाउने पेन्सन, उपदान तथा अन्य सामाजिक सुरक्षा सुविधाबारे जानकारी दिए। योगदानकर्ताको मृत्यु वा अन्य जोखिमको अवस्थामा आश्रित परिवारले प्राप्त गर्न सक्ने सुविधाका विषयमा पनि सहभागीलाई जानकारी गराइएको थियो।

किर्डार्क नेपालका कार्यक्रम संयोजक बिन्दुलाल रेग्मीले सामाजिक सुरक्षा कोष श्रमिकको सामाजिक तथा आर्थिक सुरक्षासँग जोडिएको विषय भएको बताए।

आइएलओ कर्णाली प्रदेश संयोजक सृजना ढकालले वृद्धावस्था, दुर्घटना तथा अस्वस्थताका अवस्थामा कोषबाट आर्थिक सहयोग प्राप्त गर्न सकिने जानकारी दिइन्।

शिविरमा सामाजिक सुरक्षा कोषमा आबद्ध हुने प्रक्रिया र उपलब्ध सुविधासम्बन्धी पुस्तिका वितरण गरिएको थियो। सहभागीका जिज्ञासा समाधान गर्न परामर्श डेस्कसमेत सञ्चालन गरिएको आयोजकले जनाएको छ।

विद्यार्थीलाई संसदीय बहसको प्रशिक्षण

❐ **काँक्रेविहार संवाददाता**
दैलेख, ४ असोज

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा विद्यार्थीलाई संसदीय बहस तथा संसदीय गतिविधिबारे एकदिने प्रशिक्षण दिइएको छ।

संसदीय मामिला पत्रकार समाजको आयोजना तथा युएनडिपी संसद् सहयोग परियोजनाको सहकार्यमा सुर्खेत बहुमुखी क्याम्पसमा प्रशिक्षण सञ्चालन गरिएको हो।

स्नातक तहमा अध्ययनरत विद्यार्थी सहभागी कार्यक्रममा लोकतान्त्रिक शासन व्यवस्था, संसदीय अभ्यास, खुला संसद् र कानुन निर्माण प्रक्रियाबारे जानकारी दिइएको थियो।

कर्णाली प्रदेश सभा सचिवालयका शाखा अधिकृत राजेन्द्र पौडेलले प्रदेश सभाको संरचना, संसदीय गतिविधि तथा कानुन निर्माण प्रक्रियाका



विषयमा प्रस्तुति दिएका थिए। पौडेलले संसद् जनप्रतिनिधिमार्फत जनताको आवाज उठाउने, कानुन निर्माण गर्ने तथा सरकारका कामको निगरानी गर्ने महत्वपूर्ण संस्था भएकाले युवाले संसदीय गतिविधिमा चासो राख्नुपर्ने बताए।

डिबेट नेटवर्क नेपाल (डीएनएन) का कर्णाली प्रदेश संयोजक मनोज एमसीले विद्यार्थीलाई संसदीय बहसको अभ्यास गराएका थिए। उनका अनुसार बहसले विद्यार्थीमा आलोचनात्मक सोच विकास गर्नुका साथै समाजका विभिन्न विषय बुझ्न र प्रश्न गर्न सहयोग गर्छ। प्रशिक्षणपछि विद्यार्थीले नमुना संसदीय बहससमेत गरेका थिए। 'यो सदन खुला संसद् हुनुपर्छ' भन्ने विषयमा विद्यार्थी सत्ता पक्ष र प्रतिपक्षमा विभाजित भएर बहसमा सहभागी भएका थिए। कार्यक्रमका प्रमुख अतिथि कर्णाली प्रदेश सभा सामाजिक विकास समितिका सभापति पूर्णबहादुर खत्रीले विद्यार्थीको बहस गर्ने शैली र प्रस्तुति प्रभावकारी रहेको बताए। उनले युवालाई प्रदेश सभाका गतिविधिबारे जानकारी लिन र संसदीय अभ्यासलाई नजिकबाट बुझ्न आग्रह गरे।

संसदीय मामिला पत्रकार समाजका अध्यक्ष देव रानाले लोकतन्त्रलाई बलियो बनाउन नागरिक र संसद्बीच संवाद तथा सहकार्य आवश्यक रहेको बताए।

कार्यक्रममा प्रदेश सभा सदस्य तुलसा मल्ल, युएनडिपी संसद् परियोजना कर्णाली तथा सुदूरपश्चिम प्रदेश प्रतिनिधि क्यारीना श्रेष्ठलगायतको सहभागिता थियो।

कांग्रेसको वडा अधिवेशन जारी, क्षेत्रीय प्रतिनिधिमा रस्साकस्सी

❐ **काँक्रेविहार संवाददाता**
विराटनगर, ४ असोज

नेपाली कांग्रेसको पालिकादेखि केन्द्रीय कमिटी सम्म चुनिन क्षेत्रीय प्रतिनिधि हुन अनिवार्य भएपछि क्षेत्रीय प्रतिनिधि चयनमा रस्साकस्सी भएको छ।

नेपाली कांग्रेसको विधानले केन्द्रीय सभापति सम्मले क्षेत्रीय प्रतिनिधि अनिवार्य रूपमा चुनिनु पर्ने व्यवस्था गरेपछि क्षेत्रीय प्रतिनिधि चयनमा नेता तथा कार्यकर्ताहरूका बिचमा रस्साकस्सी चलेको हो। नेपाली कांग्रेसको १५ औ महाधिवेशन अन्तरत आज वडा कमिटीहरूको अधिवेशन चलिरहेका छ।

देउवा शेखर पक्षका केही नेता तथा कार्यकर्ताहरू 'कुलिङ पिरियड' भन्दै वडा अधिवेशनमा सहभागी भएका छैनन्। अधिकांश नेता तथा कार्यकर्ताहरू भने वडा अधिवेशनमा केन्द्रित भएका छन्। वडा अधिवेशनले क्षत्रिय प्रतिनिधिको छनौट गर्ने काँग्रेसको विधानले व्यवस्था गरेको छ। सो व्यवस्था अनुसार माथिल्लो तहको नेतृत्वमा पुग्न काँग्रेसका नेता तथा कार्यकर्ताहरू वडा अधिवेशनमा होमिएका छन्।

विराटनगर महानगरपालिकाका सचिव तेजेन्द्र भट्टराईले महानगरका अधिकांश वडामा अधिवेशन जारी रहेको बताए।

उनले २० वटा वडा मध्ये केही वडामा हिजै अधिवेशन सम्पन्न भई सकेको र वडाको पदाधिकारी र क्षेत्रीय प्रतिनिधि छनौट भइसकेका बताए। उनले भने, 'बेलुका सम्ममा सबै वडाको अधिवेशन सम्पन्न भई सक्छ। विराटनगर महानगर पालिका काँग्रेसका नेता डा शेखर कोइरालाको क्षेत्र हो।'

उनी मोरङ क्षेत्र नम्बर ६ बाट प्रतिनिधि सभाको निर्वाचनमा उम्मेदवार बनेका थिए। उनी सहित उनी निकट केही नेताहरूले एकताको महधिवेशनका लागि भन्दै जारी अधिवेशन रोक्न माग राखेका थिए।

तर अधिकांश नेता तथा कार्यकर्ताहरू भने अधिवेशनमा होमिएका छन्। अधिवेशनमा क्षेत्रीय प्रतिनिधि बन्न चाहनेको संख्या अधिक भएपछि क्षेत्रीय प्रतिनिधि छनौटमा सकस भएको छ।

तीन...

गरेका थिए। तर मनसुन आइसक्दा पनि अपेक्षाअनुसार काम अघि नबढेपछि नागरिकमा निराशा बढेको छ।

'बड्डीचौर-खम्बागाडे सडक वर्षायाममा हिलो र हिउँदमा धुलो खाने सडकजस्तो बनेको छ,' उनले भने, 'लामो समयदेखि निर्माणाधीन यो बाटा नबन्दा हामीले दैनिक आवतजावतमा ठूलो समस्या भोगिरहेका छौं, विशेषगरी बिरामी, गर्भवती, ज्येष्ठ नागरिक र विद्यार्थीलाई धेरै समस्या हुन्छ।' केही महिनाअघि बिरामीलाई उपचारका लागि अस्पताल लैजानुपर्दा यही सडकको खराब अवस्थाका कारण यात्रा निकै ढिलो र कष्टकर भएको पनि उनले सुनाए। बाटोमै सवारी साधन बिग्रिने र बिरामीलाई थप समस्या हुने अवस्था पनि भोग्नुपरेको तिरुवाको गुनासो छ। 'वर्षायाममा हिलो र खाल्डाखुल्डीले अवस्था झन् कठिन हुन्छ,' उनले भने, 'विकासका नाममा वर्षौंसम्म नागरिकलाई धुलो, हिलो, खाल्डाखुल्डी र जोखिममा राख्नु हुँदैन। सम्बन्धित निकायले सडक निर्माणको वास्तविक अवस्था र ढिलाइको कारण मात्रै होइन, अब कहिलेसम्म सडक सम्पन्न हुन्छ भन्ने स्पष्ट समयसीमा पनि सार्वजनिक गर्नुपर्छ।'

चौकुने गाउँपालिकाका अध्यक्ष खड्क विकका अनुसार सडकको पछिल्लो भागमा कालोपत्रको काम अघि बढिसक्दा अघिल्लो भागमा निर्माण सुस्त हुनु स्थानीयका लागि थप अन्याय भएको छ। उनलेसडकको एउटा भागमा काम अघि बढ्ने तर अर्को भाग लामो समयसम्म अलपत्र रहने अवस्थाले नागरिकलाई अपेक्षित सुविधा दिन नसकेको गुनासो गरे।

'सडकको पछिल्लो भाग कालोपत्र भएको छ,' उनले भने, 'पछिल्लो भागजस्तै गरी अघिल्लो भागमा पनि त्यहीअनुसार काम अघि बढ्नुपर्छ। वर्षौंदेखि सडकको समस्या भोगिरहेका नागरिकले अब फेरि म्याद थपिएको मात्रै सुन्ने होइन, सडक निर्माण सम्पन्न भएको देख्न चाहेका छन्।'

बड्डीचौर-खम्बागाडे खण्डको अवस्था हेर्दा मदन भण्डारी राजमार्गको पूर्वी र पश्चिमी खण्डको प्रगति पनि समान छैन। सुर्खेततर्फकै धुलियाबिट-भेडाबारी खण्ड ३५ किलोमिटर लामो छ। यो सडकको ट्याक पनि पुरानै हो र २०३२ सालमै खुलेको थियो। मदन भण्डारी राजमार्गअन्तर्गत स्तरोन्नति गरिएको उक्त खण्डमा असार २०८२ सम्म ३३ किलोमिटर सडक कालोपत्र भइसकेको र १२ मध्ये ११ वटा पुल निर्माण सम्पन्न भइसकेको छ। त्यसको तुलनामा बड्डीचौर-खम्बागाडे खण्ड अझै ५० प्रतिशत भौतिक प्रगतिमै छ।

पश्चिमतर्फ बड्डीचौर-खम्बागाडेपछि पनि राजमार्ग निर्माणका अन्य खण्ड बाँकी छन्। खम्बागाडे-विद्यापुर १० दशमलव ३ किलोमिटर, विद्यापुर-गुटु-बिजौरा-बाल्दे २२ किलोमिटर र बाल्दे-लागम १५ किलोमिटर सडक निर्माण गर्नुपर्नेछ। त्यसपछि लागम-धनरास-धमिसैन-पाल्पाघाटतर्फको सडकले पश्चिम सुर्खेतलाई थप पश्चिमका क्षेत्रसँग जोड्नेछ। यी खण्डको निर्माण अघि बढ्नु पनि बड्डीचौर-खम्बागाडे सडकसँगै पश्चिम सुर्खेतको समग्र सडक पहुँचका लागि महत्वपूर्ण छ।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)